आज मिति २०८१।०६।०७ गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | पा_माया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. श्री उद्गम तिमिल्सिना, लेखा अधिकृत

२. श्री वासु पण्डित, प्रशासन अधिकृत

३. तेज कुमार धमला, अधिकृत

Scanned with CamScanner

## कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: ४५
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०८१।०६।०७
बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समय: विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८१।०६।०७ | १०:०० बजे | सुपर त्रिशुली जलविद्युत आयोजनालाई आयोजना सञ्चालन अवधिभरको लागि ब्याचिङ प्लान्ट स्थापना तथा सञ्चालनको लागि अस्थायी अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८१।०६।०७ | १०:१५ बजे | SHARMA-ZICG JV, Sitapaila, Kathmandu लाई अस्थायी अस्फाल्ट कंक्रिट प्लान्ट स्थापना तथा अस्थायी क्रसर सञ्चालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | २ |
| २०८१।०६।०७ | १०:३० बजे | न्वाँगी (छोनाम) कार्यक्रमको लागि नेपाल चेपाङ संघ केन्द्रिय कार्यकारीणी समितिलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ३ |
| २०८१।०६।०७ | १०:३५ बजे | वडा नं. २ को सम्पर्क कार्यालय निर्माण सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८१।०६।०७ | १०:४० बजे | K Boys Club Ichchhakamana-4, Kurintar, Chitwan लाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | ५ |
| २०८१।०६।०७ | १०:४५ बजे | गाउँ कार्यपालिकाको कार्यालय र वडा नं. ४ को कार्यालय परिसरको सरसफाई तथा बगैंचाको हेरचाहको लागि माली व्यवस्थापन सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| २०८१।०६।०७ | १०:५० बजे | सिंचाई कुलो मुहान दर्ता सम्बन्धमा। | व्यवसाय तथा सङ्घ संस्था दर्ता शाखा | ७ |
| २०८१।०६।०७ | १०:५५ बजे | विद्यालयहरुमा शिक्षक पदपूर्तिका लागि गाउँपालिकाबाट हुने विज्ञापनमा अध्यापन अनुमतिपत्रको अनिवार्यता सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | ८ |
| २०८१।०६।०७ | ११:०० बजे | सामुदायि सिकाइ केन्द्रको परिचारिकाको रुपमा यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी सिता गुरुङको पारिश्रमिक सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | ९ |
| २०८१।०६।०७ | ११:०५ बजे | कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी मापदण्ड-२०८१, आन्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी एकीकृत मापदण्ड- २०८१ तथा इच्छाकामना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ सम्बन्धमा। | कृषि तथा पशुपन्छी विकास शाखा/ कानून शाखा | १० |
| २०८१।०६।०७ | ११:१० बजे | वडा नं. ६ मा रहेको निजी जग्गा खार्दा निस्किएको माटो विक्रि गर्न अनुमति दिने निर्णय अनुमोदन सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ११ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०८१।०६।०७ | ११:१५ बजे | वडा नं. ७को खेतबारी टोल विकास संस्था अन्तर्गत पिपलटार नजिकै सडकमा बर्षाले क्षति पुऱ्याएको स्थानमा ह्युम पाइप खरिद गरी मर्मत गरिएको रकम भुक्तानी सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १२ |
| २०८१।०६।०७ | ११:२० बजे | वडा नं. ३ मा रहेको निजी जग्गा खार्दा निस्किएको माटो विक्रि गर्न अनुमति दिने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १३ |
| २०८१।०६।०७ | ११:२५ बजे | सिद्धि विनायक यूवा क्लवलाई फुटबल प्रतियोगिता सञ्चालन बापतको आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १४ |
| २०८१।०६।०७ | ११:३० बजे | त्रिवेणी यूवा क्लवलाई फुटबल प्रतियोगिता सञ्चालन बापतको आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | शिक्षा, यूवा तथा खेलकुद शाखा | १५ |
| २०८१।०६।०७ | ११:३५ बजे | चितवन उद्योग संघले आयोजना गरेको दोस्रो तीज विशेष उद्यमशिल एक्स्पो तथा व्यापार मेला-२०८१मा गाउँपालिकाले उपयोग गरेको स्टलको रकम भुक्तनी सम्बन्धमा। | व्यवसाय शाखा | १६ |

Scanned with CamScanner

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०५।०५ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**<u>४५ औं कार्यपालिका बैठकको निर्णयहरु:</u>**

<u>निर्णय नं.१:</u> ब्लु इनर्जी लि. द्वारा प्रवर्द्धित तथा सि.ई. कन्स्ट्रक्सन प्रा.लि. द्वारा निर्माणाधिन इच्छाकामना गाउँपालिमा वडा नं. ३ स्थित त्रिशुली नदीमा निर्माणाधिन १०० मे.वा. क्षमताको सुपर त्रिशुली जलविद्युत आयोजनालाई निर्माण कार्यमा प्रयोग हुने सामाग्री ढुङ्गा, गिट्टी, बालुवा तथा सिमेन्ट आदिको मिक्सिङ कार्यको लागि आवश्यक पर्ने अस्थायी व्याचिङ प्लान्ट स्थापना तथा सञ्चालन गर्न गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व लिई योजना सम्पन्न नहुँदासम्मको लागि आपसी समझदारीमा म्याद थप गर्ने गरी हाललाई बढिमा ६ महिनाको लागि स्वीकृति प्रदान गर्ने।

<u>निर्णय नं.२:</u> नेपाल सरकाको राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना नागढुङ्गा मुग्लिङ सडक विस्तार आयोजना अन्तर्गतको पश्चिम खण्ड मलेखु मुग्लिङ सडक आयोजना (Construction and Improvement of Malekhu-Muglin Road section (Km 43+542 to 82+403) of Prithvi Highway, Contract No. SRCTIP-DOR-W-NNM-ICB-3) को काममा प्रयोग गर्नको लागि आवश्यक पर्ने निर्माण समाग्री तयार पार्न वडा नं. ४ कुरिनटारमा स्थापना भएको अस्थायी क्रसर प्लान्ट स्वीकृत EIA/IEE प्रतिवेदनको अधिनमा रही वातावरण तथा स्थानीय बस्तीमा प्रतिकूल असर नपर्ने गरी सञ्चालन गर्न गाउँपालिकाको आर्थिक ऐन बमोजिम राजश्व लिई योजना सम्पन्न नहुँदासम्मको लागि आपसी समझदारीमा म्याद थप गर्ने गरी हाललाई बढिमा ६ महिनाको लागि निर्माण व्यवसायी SHARMA-ZICG Joint Venture RK Complex, Sitapaila Chok, Ring Road, Kathmandu लाई स्वीकृति प्रदान गर्ने। साथै उक्त आयोजनाको लागि आवश्यक अस्थायी अस्फाल्ट कंक्रिट प्लान्ट स्थापनाको लागि समेत स्वीकृति प्रदान गर्ने।

<u>निर्णय नं. ३:</u> चेपाङ समुदायको राष्ट्रिय साँस्कृतिक पर्व न्वाँगी (छोनाम) पर्व २०८१ को अवसरमा आयोजित मूल समारोह कार्यक्रमको लागि नेपाल चेपाङ संघ केन्द्रीय कार्यकारिणी समितिलाई भाषा, कला तथा संस्कृति संरक्षण शिर्षकबाट प्राप्त बिल भर्पाईका आधारमा बढीमा रु. २५,०००।-(अक्षरेपि पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने।

<u>निर्णय नं.४:</u> हाल वडा नं. २ को प्रशासनिक कार्य सञ्चालन हुँदै आइरहेको स्थान हपनीमा जीर्ण पूर्वाधारका कारण सेवा प्रवाह गर्न कठिनाइ भएकोले वडाबाट प्रवाह हुने सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँसभाबाट आ.व. २०८१।०८२ को लागि स्वीकृत वार्षिक बजेटको अधिनमा रही उक्त स्थानमा वडा नं. २ को सम्पर्क कार्यालय भवन निर्माण गर्ने।

<u>निर्णय नं.५:</u> विजया दशमी २०८१ को अवसरमा **K Boys Club**, करिनटारले आयोजना गर्न लागेको प्रथम कुरिनटार कप २०८१, 9A Side खुल्ला नकआउट फूटबल प्रतियोगितालाई प्रोत्साहन स्वरुप गाउँपालिकाको तर्फबाट प्रथम पुरस्कार बापत रु. १,३३,३३०।- (अक्षरेपि एक लाख तेतिस हजार

प्रमुख प्रशासकीय अधिकृत

दाम बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

तीन सय तीस रुपैयाँ मात्र) अध्यक्षसँग [stamp] तथा सीप विकास कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

<u>निर्णय नं.६:</u> इच्छाकामना गाउँपालिका वडा नं. ४ निवासी ना.प्र.प.नं. २९१३/०६२ भएका जङ्ग बहादुर गुरुङलाई गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय परिसरको सरसफाई तथा बगैचाको हेरचाह गर्ने मालीको रुपमा सेवा करारमा राख्ने।

<u>निर्णय नं.७:</u> इच्छाकामना गाउँपालिका वडा नं. ७ मा रहेको बागमारे आहाल सिंचाई उपभोक्ता समितिद्वारा स्याङ्दी चण्डीथान क्षेत्रको सिंचाईको लागि प्रस्तावित स्याङ्दीखोला सिंचाई कुलो मुहान दर्ता गर्ने।

<u>निर्णय नं.८:</u> गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षकहरुको पदपूर्तिका लागि पटक पटक विज्ञापन गर्दा पनि पदपूर्ति हुन नसकी विद्यालयको पठनपाठनमा प्रतिकूल असर परेकोले गाउँ कार्यपालिकाको कार्यालयबाट आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९ र १०) मा शिक्षक पदपूर्तिको लागि दोस्रो पटक प्रकाशित विज्ञापनको लागि पनि आवेदन नपरी पदपूर्ति हुन नसकेमा तेस्रो पटक विज्ञापन प्रकाशन गर्दा अध्यापन अनुमति पत्रको अनिवार्यता लागू नगर्ने।

<u>निर्णय नं.९:</u> इच्छाकामना गाउँपालिका सामुदायिक सिकाई केन्द्रमा सामाजिक परिचालिकाको रुपमा नियुक्ति लिई हाल गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत शिक्षा शाखामा पूर्ण कार्यालय समय कार्यालयमा रही आफ्नो जिम्मेवारीका अतिरिक्त शिक्षा शाखासँग सम्बन्धित कार्यहरु पनि सम्पादन गर्दै आउनुभएको श्री सिता गुरुङले खाइपाइ आएको मासिक तलब रु.१७,५००।- (अक्षरेपि सत्र हजार पाँच सय मात्र) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालादर भन्दा कम रहेकोले मिति २०८१।०४।०१ गते देखि लागू हुने गरी निजले खाइपाइ आएको तलबमा गाउँपालिकाबाट मासिक रु. ५,०००।- (अक्षरेपि पाँच हजार मात्र) थप गरी उपलब्ध गराउने।

<u>निर्णय नं.१०:</u> इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको क्षेत्राधिकार भित्र रही तपसिलमा उल्लिखित नियमावली तथा मापदण्डहरु स्वीकृत गर्ने।

<u>तपसिलः</u>

(क) इच्छाकामना गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१,

(ख). कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी मापदण्ड- २०८१,

(ग) आन्तरिक कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी एकीकृत मापदण्ड- २०८१

<u>निर्णय नं.११:</u> इच्छाकामना गाउँपालिका वडा नं. ६ (साविक कविलास गा.वि.स. वडा नं. ६) मा पर्ने जग्गाधनी समिरराज श्रेष्ठको नाममा दर्ता कायम रहेको कित्ता नं. १०४ को जग्गा घडेरी बनाउने प्रयोजनको लागि खार्दा निस्किएको ३०० घ.मी. ढुङ्गा र ३०० घ.मी. माटो बागमति प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको दरमा राजश्व बुझाइ विक्रि गर्न श्री जि. आर. एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. कालिका, चितवनलाई अनुमति प्रदान गर्ने गाउँपालिका अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

दानबहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं. १२:** वडा नं. ७ खेतबारी टोल विकास संस्था अन्तर्गत पिपलटार खेतवारी जोड्ने पक्कि पुलको पिपलटार तर्फको भागमा अविरल वर्षासँगै आएको बाढीले क्षति पुऱ्याइ सिंचाई कूलो तथा सवारी साधन आवतजावत अवरुद्ध भएकोले उक्त स्थानमा सवारी साधन आवतजावत शुचारु गर्न खरिद गरिएको दुई थान ह्युम पाइपको रु.२५,०००।- (अक्षरेपि पच्चिस हजार मात्र) बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिंचाई कार्यक्रम शिर्षकबाट भुक्तानी दिने।

**निर्णय नं. १३:** इच्छाकामना गाउँपालिका वडा नं. ३(साविक दारेचोक गा.वि.स. वडा नं. २) मा पर्ने जग्गाधनी यदुनाथ पाठकको नाममा दर्ता कायम रहेको कित्ता नं. २७ क्षेत्रफल ०-२-० को जग्गा खार्दा निस्किएको ३०० घ.मी. माटो बागमति प्रदेश आर्थिक ऐन, २०८१ ले तोकेको दरमा राजश्व बुझाइ विक्रि गर्न श्री जोगिमारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. बेनिघाट रोराङ-९, धादिङ्गलाई अनुमति प्रदान गर्ने।

**निर्णय नं. १४:** विजया दशमी २०८१ को अवसरमा वडा नं. ६ मा रहेको सिद्धि विनायक युवा क्लवद्वारा असोज १७ गते देखि २३ गते सम्म आयोजना गर्न लागेको खुल्ला नकआउट फूटबल प्रतियोगितालाई आर्थिक सहायता स्वरुप गाउँपालिकाको तर्फबाट रु. ६६,०००।-(अक्षरेपि छैसठ्ठी हजार रुपैयाँ मात्र) अध्यक्षसँग यूवा, खेलकुद तथा सीप विकास कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. १५:** वडा नं. ५ मा रहेको त्रिवेणी यूवा क्लवले २०८१ भाद्र १२ देखि १७ सम्म आयोजना गरेको 7A Side फुटबल प्रतियोगितालाई गाउँपालिकाको तर्फबाट सहयोग स्वरुप प्राप्त बिल भर्पाईको आधारमा बढिमा रु. ४०,०००।- (अक्षरेपि चालिस हजार रुपैयाँ मात्र) अध्यक्षसँग यूवा, खेलकुद तथा सीप विकास कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने।

**निर्णय नं. १६:** चितवन उद्योग संघले २०८१ भदौ ७ देखि ११ गते सम्म भरतपुरमा आयोजना गरेको दोस्रो तीज विशेष उद्यमशिल एक्स्पो तथा व्यापार मेला-२०८१ मा यस गाउँपालिकाको तर्फबाट उपयोग गरिएको १(एक) वटा स्टल (३x३ वर्ग मिटर) बापत रु. २०,०००।-(अक्षरेपि बीस हजार रुपैयाँ मात्र) चितवन उद्योग संघलाई उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष